# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

खण्ड (७), फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल, असार १० गते २०८० साल, सङ्ख्या २

## भाग-१

**नेपालको संविधानको धारा २२३ को उपधारा (१) बमोजिम गठन भएको यस सूर्योदय नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# सूर्योदय नगरपालिकाको सङ्घ संस्था ऐन, २०८०

नगर सभाबाट स्वीकृत मिति: २०८०।०३।०९ गते

प्रमाणीकरण मिति : २०८०।०३।०९ गते

**प्रस्तावना :** यस नगर क्षेत्रभित्र सामाजिक, आर्थिक, साहित्यिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यावसायिक, तथा परोपकारी संस्थाहरूको स्थापना तथा दर्ता, नवीकरण र सूचीकृत गर्ने सम्बन्धमा व्यवस्था गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाले यो ऐन तर्जुमा गरी लागू गरेको छ ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भ** :- (१) यस ऐनको नाम "सूर्योदय नगरपालिकाको सङ्घ संस्था ऐन २०८०" रहेको छ ।

(२) यो ऐन नगर सभाबाट पारित भई प्रमाणीकरण पश्चात् राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

**२. परिभाषा-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी लगायतका कार्यहरूको विकास एवम् विस्तार गर्ने उद्देश्यले स्थापना भएको सङ्घ, संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्री सङ्घ समेतलाई जनाउँछ ।

(ख) "नगरपालिका" भन्नाले सूर्योदय नगरपालिकालाई सम्झनु पर्छ ।

(ग) "नगर सभा" भन्नाले सूर्योदय नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(घ) "नगर कार्यपालिका" भन्नाले सूर्योदय नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(ङ) "कार्यालय" भन्नाले सूर्योदय नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(च) "नगर प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(छ) "नगर उप-प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(झ) "शाखा" भन्नाले सूर्योदय नगरपालिकाको सङ्घ संस्था सम्बन्धी कार्य गर्ने शाखालाई सम्झनु पर्छ ।

(ञ) "शाखा प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको सङ्घ संस्था सम्बन्धी कार्य गर्ने शाखाको प्रमुखलाई सम्झनु पर्छ ।

(ट) "मन्त्रालय" भन्नाले सङ्घ संस्था सम्बन्धी कार्य गर्न तोकिएको सङ्घीय मन्त्रालय, प्रदेश मन्त्रालय वा मन्त्रालय मातहतमा रहेको विभाग र परिषद् समेतलाई सम्झनु पर्छ ।

(ठ) "प्रबन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनु पर्छ ।

(ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **दर्ता नगरी संस्था खोल्न नहुने :-** यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन ।

४. **संस्थाको दर्ता :-** (१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरूले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(क) संस्थाको नाम :-

(ख) उदेश्यहरू :-

(ग) प्रबन्ध समितिका सदस्यहरूको नाम, ठेगाना र पेसा :-

(घ) आर्थिक स्रोत :-

(ङ) कार्यालयको ठेगाना :-

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा तोकिएको शाखालाई संस्था दर्ता गर्न आदेश दिनेछ । संस्था दर्ता भएपछि तोकिएको अधिकारीले तोकिए बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्तो सूचना निवेदकलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र नगर प्रमुख समक्ष

पुनरावलोकनको निवेदन दिन सक्नेछन् । नगर प्रमुखबाट फरक निर्णय भएमा कानुन बमोजिम प्रतिकूल नहुने गरी संस्था दर्ता गर्नु पर्नेछ । नगर प्रमुखको निर्णयमा समेत चित्त नबुझे  पैतिस दिनभित्र त्यस्तो निर्णय उपर प्रचलित कानुन बमोजिम उजुर गर्न सक्नेछ ।

(४) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा, अवधि, दर्ता शुल्क, दर्ता नवीकरण शुल्क, सूचीकरण शुल्क तोकिए बमोजिम हुनेछ ।

**५. सङ्गठित संस्था मानिने :-** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ । सो संस्थाको सबै कामकाजको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह प्रचलित कानुन बमोजिम चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ

तर, नगरपालिका, सरकारी निकाय, दातृ संस्था वा नियोगबाट प्राप्त चल-अचल सम्पत्ति बेच-बिखन गर्न पाइने छैन । लिलामी गर्नुपर्ने सम्पत्तिको हकमा नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र लिलामी गर्न पाउनेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

**६. संस्थाको सम्पत्ति :-** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान व्यवस्था विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा नगरपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी नगरपालिकाले गरेको कारबाही चित्त नबुझ्ने व्यक्तिले प्रचलित कानुनले ताके बमोजिमको पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखित प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको पदाधिकारी वा कुनै सदस्य उपर प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको व्यक्तिले प्रचलित कानुन बमोजिम कारबाही चलाउन सक्नेछ ।

**७. अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने :-** यो ऐन प्रारम्भ हुनु भन्दा अघि प्रचलित कानुन बमोजिम दर्ता नभई सञ्चालनमा रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ ।

**८. संस्थाको उदेश्यहरूमा हेरफेर :-** (१) संस्थाको उदेश्यहरूमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रबन्ध समितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण-सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य सङ्ख्याको कम्तीमा दुई तिहाइ सदस्यहरूले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिने छ तर सो प्रस्ताव लागू गर्न प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिनु पर्नेछ ।

**९. हिसाबको विवरण पठाउनु पर्ने :-** प्रबन्ध समितिले सामाजिक परीक्षण गरी आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष कार्यालयमा पठाउनु पर्नेछ ।

**१०. हिसाब जाँच गर्ने :-** (१) प्रमुख प्रशासकीय अधिकृतले संस्थाको हिसाब जाँच गर्न आवश्यक ठानेमा नगरपालिकाको आन्तरिक लेखा परीक्षकबाट हिसाब जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत प्रमुख प्रशासकीय अधिकृतले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको पाँच प्रतिशतमा नबढाई आफूले निर्धारित गरेको दस्तुर असुल गरी लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरू वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले तोकेको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानुन बमोजिम कारबाही चलाउन सक्नेछ ।

तर प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

**११. अनुगमन समितिको गठन :-** यो ऐन कार्यान्वयनको लागि नगरपालिकामा देहाय बमोजिमको पदाधिकारी भएको एक अनुगमन समिति गठन गरिनेछ :-

(क) नगर उप-प्रमुख - संयोजक

(ख) कार्यपालिकाले तोकेको एक जना महिला सदस्य - सदस्य

(ग) सम्बन्धित शाखाको शाखा प्रमुख - सदस्य सचिव

**१२. निर्देशन दिने :-** नगरपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१३. दण्ड सजाय :-** (१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाको प्रबन्ध समितिका सदस्यहरूलाई प्रमुख प्रशासकीय अधिकृतले जनही दुई हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम हिसाबको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यलाई प्रमुख प्रशासकीय अधिकृतले जनही पाँच सय रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

तर, कुनै सदस्यले दफा ९ उल्लङ्घन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजातहरू वा सोधिएको प्रश्नको उत्तर नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले पाँच सय रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति नलिइ संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा सङ्घीय वा प्रदेश सरकार र नगरपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न सक्नेछ ।

**१४. पुनरावेदन :-** दफा १३ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय उपर चित्त नबुझे पन्ध्र दिनभित्र नगर प्रमुख समक्ष निर्णय पुनरावलोकनको निवेदन दिन सक्नेछ । त्यस्तो पुनरावलोकनको निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र नगर प्रमुखले त्यस्तो पुनरावेदनको निर्णय

लिनु पर्नेछ । नगर प्रमुखले गरेको पुनरावलोकनको निर्णय चित्त नबुझे चित्त नबुझ्ने पक्षले प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा उजुरी दिन सक्नेछ ।

**१५. संस्था खारेज नहुने :-** (१) देहायको अवस्थामा बाहेक सामान्यतया संस्था खारेज हुने छैन :-

(क) राष्ट्रको सार्वभौमसत्ता र भौगोलिक अखण्डता विरोधी गतिविधि गरेमा,

(ख) क्षेत्रीय, जातीय, धार्मिक, सांस्कृतिक, लैङ्गिक विभेद र समुदाय बीचको सम्बन्धमा खलल पुऱ्याउने गतिविधि गरेमा,

(ग) नेपाल राज्यको विरुद्धमा जासुसी गरेमा,

(घ) राष्ट्रिय अर्थतन्त्रमा गम्भीर हानि-नोक्सानी पुऱ्याउने कार्य गरेमा,

(ङ) लगातार तीन वर्षसम्म नवीकरण नगरेमा,

(च) नगरपालिकाको दीर्घकालीन हित विपरीत कार्य गरेमा,

(२) उपदफा (१) बमोजिम खारेज गर्दा त्यस्तो संस्थालाई सफाइको मौका दिइनेछ ।

(३) उपदफा (१) बमोजिम गतिविधि गर्ने संस्था विरुद्ध प्रचलित कानुन बमोजिम कारबाही गर्न बाधा पर्ने छैन ।

**१६. संस्थाको विगठन र त्यसको परिणाम :-** संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा यस ऐनको दफा १५ को उपदफा (१) बमोजिम संस्था खारेज भएमा त्यस्तो संस्थाको जायजेथा नगरपालिकाको स्वामित्वमा सर्नेछ र सोही अनुसार खारेज भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जाय जेथाले भ्याएसम्म त्यस्तो दायित्व नगरपालिकाले व्यहोर्ने छ ।

**१७. सूचीकृत हुनुपर्ने :-** सङ्घीय वा प्रदेश कानुन बमोजिम अन्य कुनै निकायमा दर्ता भएका संस्थाले नगर क्षेत्रमा कुनै क्रियाकलाप गर्ने गराउने, नगरपालिकाको साझेदारीमा कुनै कार्य गर्ने भएमा नगरपालिकाको सम्बन्धित शाखामा अनिवार्य सूचीकृत हुनुपर्नेछ । सूचीकरण सम्बन्धी शुल्क तोकिए बमोजिम हुनेछ । सूचीकृत संस्थाहरूले समेत वार्षिक रूपमा सूचीकरण नवीकरण गर्नु पर्नेछ ।

**१८. प्रतिवेदन पेश गर्ने :-** प्रमुख प्रशासकीय अधिकृतले चौमासिक रूपमा यस ऐन अनुसार भएको काम कारबाहीको प्रतिवेदन नगर कार्यपालिका र प्रत्येक नगर सभामा पेश गर्नु पर्नेछ । सङ्घीय

मन्त्रालय वा प्रदेश मन्त्रालयले यस ऐन बमोजिम भएका काम कारबाहीको बारेमा जानकारी मागेमा सो निकायमा समेत प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**१९. नियम बनाउने अधिकार :-** यस ऐनको कार्यान्वयन गर्न नगर कार्यपालिकाले नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

**२०. अधिकार प्रत्यायोजन :-** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्राप्त अधिकारहरू मध्ये सबै वा कुनै अधिकार प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित शाखा प्रमुख वा अधिकृत स्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

**२१. खारेजी र बचाउ :-** (१) सूर्योदय नगरपालिकाको सङ्घ संस्था दर्ता सम्बन्धी ऐन, २०७४ खारेज गरिएको छ ।

(२) सूर्योदय नगरपालिकाको सङ्घ संस्था दर्ता सम्बन्धी ऐन, २०७४ अनुसार भएको काम कारबाही यसै ऐन अनुसार भए गरेको मानिनेछ ।

(३) अन्यत्र दर्ताभई नगरपालिकामा हस्तान्तरण भएका सङ्घ संस्थाको हकमा यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

# सूर्योदय नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०८०

नगर सभाबाट स्वीकृत मिति: २०८०।०३।०९ गते

प्रमाणीकरण मिति : २०८०।०३।०९ गते

**प्रस्तावना:** सूर्योदय नगरपालिका क्षेत्रभित्र पूर्वाधार संरचना तथा सेवा क्षेत्र र साझेदारी कार्यक्रममा स्वदेशी वा विदेशी निजी क्षेत्र समेतको लगानीको माध्यमबाट नवीन प्रविधि, गुणस्तरीय सेवा, व्यवस्थापकीय कुशलता एवम् लगानी मैत्री वातावरण निर्माण गर्दै सूर्योदय नगरपालिकाको आर्थिक विकास र समृद्धिमा योगदान पुऱ्याउन, सार्वजनिक निजी साझेदारीमा निर्माण हुने परियोजनाहरूलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर सभाले यो ऐन बनाइ लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सूर्योदय नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०८०" रहेको छ।

(२) यो नगर सभाबाट पारित भई प्रमाणीकरण भए पश्चात् तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:-**

**(क)** "अनुमतिपत्र" भन्नाले परियोजना कार्यान्वयन गर्न दफा १७ बमोजिम सार्वजनिक निजी साझेदारीमा परियोजना कार्यान्वयन गर्न प्रदान गरिएको अनुमतिपत्र वा इजाजतपत्र सम्झनु पर्छ ।

**(ख)** "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले परियोजना कार्यान्वयन गर्न अनुमतिपत्र वा इजाजतपत्र प्राप्त फर्म, कम्पनी वा व्यक्तिलाई सम्झनु पर्छ ।

**(ग)** "उपभोक्ता" भन्नाले यस ऐन बमोजिम सार्वजनिक निजी साझेदारीबाट निर्माण भएको पूर्वाधार संरचनाबाट सेवा, सुविधा उपभोग वा उपयोग गर्ने व्यक्ति वा निकाय सम्झनु पर्छ ।

**(घ)** "कार्यपालिका" भन्नाले सूर्योदय नगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

**(ङ)** "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**(च)** "नगर सभा" भन्नाले सूर्योदय नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

**(छ)** “निर्माण” भन्नाले यस ऐन बमोजिम पूर्वाधार संरचनाको विकास, निर्माण वा पुनर्स्थापनाको कार्य सम्झनु पर्छ ।

**(ज)** “परियोजना” भन्नाले यस ऐन बमोजिम सार्वजनिक-निजी साझेदारीमा लगानी गरी कार्यान्वयन गरिने पूर्वाधार संरचना, सेवा प्रवाह र साझेदारी कार्यक्रम सम्बन्धी परियोजना सम्झनु पर्छ ।

**(झ)** “प्रमुख” भन्नाले सूर्योदय नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

**(ञ)** “उप-प्रमुख” भन्नाले सूर्योदय नगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्छ ।

**(ट)** “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

**(ठ)** “प्रस्तावक” भन्नाले यस ऐन बमोजिम प्रस्ताव पेश गर्ने व्यक्ति, कम्पनी, फर्म, गैर सरकारी संस्था, सहकारी संस्था लगायतका सङ्घ संस्थालाई सम्झनु पर्छ ।

**(ड)** “पुनर्स्थापना” भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुनर्निर्माण गरी पुनर्स्थापना गर्ने काम सम्झनु पर्छ ।

**(ढ)** “पूर्वाधार संरचना” भन्नाले सडक, व्यापारिक, व्यावसायिक, औद्योगिक भवन, पार्किङ स्थल, हाट बजार, मनोरञ्जन पार्क, अन्य पार्क, पोखरी, कबर्ड हल, पर्यटन पूर्वाधार, शीत भण्डार, विशेष औद्योगिक तथा आर्थिक क्षेत्र, होटल, साहसिक पर्यटन क्षेत्र, अस्पताल आदिसँग सम्बन्धित पूर्वाधार निर्माण सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचना समेतलाई जनाउँछ ।

**(ण)** “आशय पत्र” भन्नाले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा दफा ९ बमोजिम माग गरिएको आशय पत्र सम्झनु पर्छ ।

**(त)** "महसुल” भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग लिने सेवा शुल्क सम्झनु पर्छ।

**(थ)** “लगानी” भन्नाले यस ऐन बमोजिम ऋण वा स्व पूँजी, पुन : लगानी वा यस्तै प्रकारका वित्तीय उपकरण मार्फत परियोजनामा गरिने पूँजी प्रवाह र अन्य स्रोत साधन साथै प्राविधिक लगानी समेत लाई सम्झनु पर्छ ।

**(द)** “लगानी कर्ता” भन्नाले यस ऐन बमोजिम परियोजनामा लगानी गरेको वा लगानी गर्न इच्छा व्यक्त गर्ने व्यक्ति, कम्पनी, फर्म, गैर सरकारी संस्था, सहकारी संस्था लगायतका सङ्घ संस्थालाई सम्झनु पर्छ र सो शब्दले परियोजनाको अध्ययन, विकास निर्माण वा सञ्चालन गर्ने फर्म, कम्पनी वा व्यक्तिलाई समेत जनाउँछ ।

**(ध)** “सम्झौता” भन्नाले नगरपालिका र लगानी कर्ता बीच भएको परियोजना विकास सम्झौता, परियोजना लगानी सम्झौता वा सुविधा सम्झौता (कन्सेसन एग्रिमेन्ट) वा यस्तै प्रकारका सम्झौता सम्झनु पर्छ ।

**(न)** “समिति” भन्नाले दफा १८ बमोजिमको सार्वजनिक निजी साझेदारी व्यवस्थापन समिति सम्झनु पर्छ ।

**(ऩ)** “सर्वेक्षण” भन्नाले परियोजना कार्यान्वयन गर्नको लागि गरिने प्रारम्भिक अध्ययन, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन वा अन्य यस्तै प्रकारका अनुसन्धान वा अन्वेषण सम्बन्धी कार्य सम्झनु पर्छ ।

**(प)** “सार्वजनिक निजी साझेदारी” भन्नाले नगरपालिका र लगानी कर्ताबीच श्रोत वा प्रतिफल बाँडफाँड तथा जोखिम व्यहोर्ने गरी आपसी सहकार्यमा पूर्वाधार संरचना निर्माण, सञ्चालन, पुनः स्थापना वा सार्वजनिक सेवा प्रवाह र साझेदारी कार्यक्रम गर्न दफा ३ को उपदफा (२) र दफा ४ मा उल्लेख भए मध्ये कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्ने प्रबन्ध सम्झनु पर्छ ।

**(फ)** “सङ्घीय कानुन” भन्नाले सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ र यस सम्बद्ध अन्य सङ्घीय कानुनलाई समेत जनाउँछ ।

**(ब)** "मूल्याङ्कन समिति" भन्नाले यस ऐनको दफा २९ बमोजिम गठन भएको मूल्याङ्कन समिति सम्झनु पर्छ ।

## परिच्छेद -२

## सार्वजनिक निजी साझेदारी सम्बन्धी व्यवस्था

**३. सार्वजनिक निजी साझेदारी लगानीबाट परियोजना कार्यान्वयन गर्न सकिने :** (१) नगरपालिकाले पूर्वाधार संरचना, सेवा क्षेत्रको कुनै परियोजना सार्वजनिक निजी साझेदारी लगानीबाट यस ऐन तथा प्रचलित कानुन बमोजिम सञ्चालन गर्न सक्नेछ । तर, वित्तीय, प्राविधिक वा सञ्चालन सम्बन्धी जोखिम निजी क्षेत्रलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट कार्यसम्पादन हुने वा सेवा प्राप्त हुने प्रकारका परियोजनामा सार्वजनिक निजी साझेदारी कार्यान्वयन गरिने छैन ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक निजी साझेदारीबाट परियोजना कार्यान्वयन गर्दा देहायको कुनै तरिका अपनाउन सकिनेछ-

(क) निर्माण तथा हस्तान्तरण,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(ग) निर्माण, स्वामित्व, सञ्चालन तथा हस्तान्तरण,

(घ) निर्माण, हस्तान्तरण तथा सञ्चालन,

(ङ) लिज, सञ्चालन तथा हस्तान्तरण,

(च) लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(छ) विकास, सञ्चालन तथा हस्तान्तरण,

(ज) व्यवस्थापन, सञ्चालन तथा हस्तान्तरण

(झ) पुर्नस्थापना, सञ्चालन तथा हस्तान्तरण

(ञ) अन्य यस्तै तरिकाबाट ।

**४. सार्वजनिक निजी साझेदारी लगानीबाट साझेदारी कार्यक्रम सञ्चालन गर्न सकिने :** (१) सार्वजनिक निजी साझेदारी लगानीबाट साझेदारी कार्यक्रम गर्न निम्न बमोजिमको प्रावधान रहने छन् :

(क) सार्वजनिक निजी साझेदारीमा अल्पकालीन तथा दीर्घकालीन समयावधिको लागि लागत तथा प्राविधिक साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने ।

(ख) यस दफा बमोजिम सञ्चालन हुने कार्यक्रम नगरवासीको जीवनस्तरमा सुधार ल्याउने, रोजगारी सृजना गर्ने, गरिबी निवारण गर्न उन्मुख हुनुपर्ने, नगरपालिकाको प्राथमिकताको क्षेत्र एवम् नगरपालिकाबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउने हुनुपर्ने ।

(ग) नगरपालिकाले सञ्चालन गर्ने कार्यमा लागत न्यूनीकरण गरी भौतिक, आर्थिक तथा मानव स्रोत र साधनको अधिकतम उपयोग र प्रभावकारी परिचालन हुने ।

(घ) साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि पहिचान भएका क्षेत्रहरूमा आवश्यक थप विषयगत प्राविधिक दक्षता भएका साझेदारसँग सहकार्य गर्नुपर्ने ।

(ङ) साझेदारी कार्यक्रम सञ्चालन गर्दा असल अभ्यास र अनुभवहरूको आदान प्रदान गर्नुपर्ने ।

(२) साझेदारीमा सञ्चालन गरिने कार्यक्रमको लागि आवश्यकता अनुसार विषयगत क्षेत्र र उपक्षेत्र गत कार्यसम्पादन गर्न नगरपालिकाले कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ ।

(३) साझेदारीमा सञ्चालन गरिने कार्यक्रममा देहायका विशेषताहरू हुनुपर्ने छ:

(क) साझेदारले कम्तीमा २० प्रतिशत बराबरको लागत साझेदारी गरेको,

(ख) साझेदारलाई दिगो सामुदायिक विकास कार्यक्रम, पूर्वाधार विकास तथा मर्मत लगायतका कार्यहरू गर्ने गरी जिम्मेवारी दिइएको वा व्यवस्थापनका लागि सम्झौता भएको,

(ग) योजना तथा कार्यक्रमको कार्यान्वयन अवधि स्पष्ट भएको,

(घ) विगतमा साझेदारले सोही प्रकृतिको कार्यक्रम कार्यान्वयन गरेर सन्तोष जनक प्रतिफल दिएको,

५. **प्राथमिकता निर्धारण :** सार्वजनिक निजी साझेदारीबाट कार्यान्वयन गरिने परियोजनाको प्राथमिकताका क्षेत्र समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **परियोजना पहिचान :** (१) समितिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजना पहिचान गरी सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्दा परियोजनाको सर्वेक्षण लगायतको अध्ययन भए वा नभएको तथा तोकिए बमोजिमका अन्य विवरण समेतका आधारमा प्राथमिकता निर्धारण गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम परियोजना पहिचान गरी सूची निर्धारण गर्दा प्राविधिक तथा वित्तीय विषयहरूमा विज्ञहरूसँग परामर्श लिन सकिनेछ ।

७. **परियोजना स्वीकृत गराउनु पर्ने :** (१) दफा ६ बमोजिम पहिचान गरी सूचीकृत गरिएका परियोजनाहरू कार्यान्वयन गर्ने सम्बन्धमा कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना स्वीकृत गराउँदा दफा ३ को उपदफा (२) र दफा ४ मा उल्लिखित तरिकामध्ये कुन तरिकाबाट कार्यान्वयन गर्न सकिने हो सोको व्यहोरा उल्लेख गर्नु पर्नेछ ।

(३) नगरपालिका अन्तर्गत एकै प्रकृतिका एकभन्दा बढी परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न यस दफा बमोजिम परियोजना स्वीकृत गराउँदा त्यस्तो परियोजनाको पुनःप्राथमिकीकरण गर्नु पर्नेछ ।

८. **परियोजनाको सूची प्रकाशन गर्ने :** दफा ७ बमोजिम परियोजना स्वीकृत भएपछि नगरपालिकाले परियोजनाको सूची सूचना मार्फत प्रकाशन गर्नु पर्नेछ ।

९. **आशय पत्र आह्वान गर्ने :** (१) दफा ८ बमोजिम स्वीकृत परियोजनाको अध्ययन-अनुमति, सर्वेक्षण वा कार्यान्वयनका लागि नगरपालिकाले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी आशय पत्र आह्वान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनामा देहायका विवरण खुलाउनु पर्नेछ :

(क) आशय पत्र पेश गर्ने कार्यालय,

(ख) आशय पत्र पेश गर्ने अवधि,

(ग) आशय पत्रमा खुलाउनुपर्ने विवरण,

(घ) आशय पत्र साथ संलग्न गर्नुपर्ने कागजातहरू

(ङ) प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता,

(च) तोकिए बमोजिमका अन्य विवरण ।

**१०. आशय पत्र पेश गर्ने :** परियोजनाको अध्ययन-अनुमति, सर्वेक्षण वा कार्यान्वयन गर्न चाहने व्यक्तिले तोकिए बमोजिमका सर्तका अधीनमा रही दफा ९ बमोजिमको सूचनामा उल्लिखित अवधिभित्र तोकिएको कार्यालयमा आशय पत्र पेश गर्नु पर्नेछ ।

**११. सङ्क्षिप्त सूची तयार गर्ने :** दफा १० बमोजिम आशय पत्र प्राप्त भए पश्चात् विषय विशेषज्ञ सम्मिलित मूल्याङ्कन समितिले तोकिए बमोजिमको आधारमा मूल्याङ्कन गरी तोकिएका प्रक्रिया बमोजिम प्रस्तावकहरूको सङ्क्षिप्त सूची तयार गर्नु पर्नेछ ।

**१२. प्रस्ताव आह्वान गर्ने :** (१) दफा ११ बमोजिम सङ्क्षिप्त सूची तयार गरेपछि नगरपालिकाले सार्वजनिक सूचना प्रकाशन गरी सो सूचीमा परेका प्रस्तावकहरूसँग तोकिए बमोजिमका विषयहरू खुलाइ प्रस्ताव आह्वान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने प्रस्तावकले तोकिए बमोजिमका विवरणहरू खुलाइ सूचनामा उल्लिखित अवधिभित्र नगरपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

**१३. प्रस्ताव छनौट गर्ने :** (१) दफा १२ को उपदफा (२) बमोजिम प्रस्ताव प्राप्त भएपछि तोकिएको मूल्याङ्कन समितिले तोकिएको अवधिभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नेछ :

(क) तोकिएको समयमै निर्माण सम्पन्न गर्ने आधार सहितको प्राविधिक प्रस्ताव,

(ख) नगरपालिकालाई बुझाउनु पर्ने रोयल्टी रकम भए प्रस्तावित रोयल्टी रकम,

(ग) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित महसुल लगायतका विषय उल्लिखित आर्थिक प्रस्ताव ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट सम्बन्धी आधारका अतिरिक्त वातावरण व्यवस्थापन तथा अन्य विवरणहरू समेत आवश्यकता अनुसार नगरपालिकाले सूचनामा उल्लेख गरेको हुनुपर्नेछ ।

(३) प्रस्ताव छनौट गरेपछि नगरपालिकाले त्यसको जानकारी तोकिएको अवधिभित्र प्रस्तावकलाई दिनु
पर्नेछ ।

(४) यस दफा बमोजिमको प्रस्ताव छनौट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४. आह्वान नगरिएको प्रस्ताव :** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रस्तावक स्वयंले सार्वजनिक निजी साझेदारीको माध्यमबाट परियोजना कार्यान्वयन गर्नको लागि नगरपालिका समक्ष तोकिए बमोजिमको आधार, दस्तुर र ढाँचामा प्रस्ताव पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्दा देहायका विषयहरू उल्लेख गर्नुपर्ने छ :

(क) परियोजनाको विवरण,

(ख) प्रस्तावकको प्राविधिक तथा वित्तीय क्षमता सहितको विवरण (प्रोफाइल),

(ग) परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन प्रतिवेदन भए त्यस्तो प्रतिवेदन,

(घ) प्रस्तावित व्यावसायिक योजना,

(ङ) परियोजनामा प्रयोग हुने प्रविधि,

(च) परियोजनाबाट प्राप्त हुने सम्भावित लाभको विवरण ।

(३) उपदफा (१) बमोजिम प्राप्त प्रस्ताव दफा १३ को उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिको सिफारिसको आधारमा सो परियोजनाको अध्ययन तथा सर्वेक्षण अनुमति वा परियोजना विकास वा सञ्चालनको लागि तोकिएको प्रक्रिया पूरा गरी तोकिए बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्न सकिने छ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको परियोजना प्रस्तावलाई मूल्याङ्कन गर्दा सार्वजनिक निजी साझेदारीमा निर्माण हुने परियोजना प्रतिस्पर्धाको आधारमा अगाडि बढाउँदा लाभ दायी हुने देखिएमा सोही प्रस्तावलाई 'स्वीस च्यालेन्ज' का आधारमा नगरपालिकाले तोकेको प्रक्रिया बमोजिम प्रतिस्पर्धा गराउन सक्नेछ । *स्पष्टीकरण: स्विस च्यालेन्ज भन्नाले नगरपालिकाले कुनै सेवा क्षेत्र वा पूर्वाधारसँग सम्बन्धित सार्वजनिक परियोजनाका लागि आह्वान नगरिएको प्रस्ताव प्राप्त गरेको अवस्थामा उक्त प्रस्ताव भन्दा राम्रो प्रस्ताव प्राप्त हुनसक्ने अभिप्रायले उपयुक्त प्रस्ताव चयन गर्न प्राप्त प्रस्तावलाई कुनै पनि विधि वा प्रक्रियाबाट तेस्रो पक्षलाई समेत आह्वान गरी वा सार्वजनिक गरी मूल्याङ्कन गरिने विधि सम्झनु पर्छ।*

(५) उपदफा (१) बमोजिमको प्रस्ताव उपर वार्ता गर्दा प्रस्तावक बाहेक अन्य कुनै प्रस्तावकको प्रस्ताव स्वीकृत भएको प्रस्ताव कर्ताबाट उपदफा (१) बमोजिमको प्रस्तावकलाई तोकिए बमोजिमको परियोजना विकासको क्रममा भएको प्रारम्भिक खर्च र अध्ययन तथा विकासको क्रममा सम्बन्धित निकायको कुनै खर्च भएको अवस्थामा सो समेत सोधभर्ना तोकिए बमोजिम उपलब्ध गराउन सकिनेछ ।

**१५. वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न सक्ने :** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा दुईपटक आशय पत्र वा प्रस्ताव आह्वान गर्दा पनि छनोट हुन नसकेको अवस्थामा त्यस्तो परियोजना नगरपालिकाले सोझै वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै कारणले कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न मनासिब हुने देखिएमा त्यस्तो परियोजना नगरपालिकाले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछ:

(क) परियोजनाको प्रकृति वा लागतको कारण आर्थिक तथा प्राविधिक रूपमा प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको परियोजना,

(ख) नयाँ अवधारणा वा प्रविधि समावेश भएको परियोजना,

(ग) विशेष प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने गरी छनौट गरिएको परियोजना,

(घ) "स्वीस च्यालेन्ज" लाई आधार मानी प्रतिस्पर्धा गराउँदा समेत असफल भएको परियोजना।

(३) उपदफा (१) बमोजिमको कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने प्रस्तावकले तोकिएका विषयहरू खुलाइ नगरपालिका समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रस्तावलाई तोकिए बमोजिम विस्तृत मूल्याङ्कन गरी कार्यपालिकाले वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ ।

**१६. वार्ताद्वारा परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्ने :** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न चाहने व्यक्तिले सो को अनुमतिको लागि नगरपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्ने अनुमति दिन मनासिब देखिएमा समितिले निवेदकसँग वार्ता गरी त्यस्तो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा/गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने/गराउने व्यक्ति वा संस्था स्वयंले व्यहोर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै परियोजनाको कार्यान्वयन गर्नको लागि प्रतिस्पर्धा गराइएको अवस्थामा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने/गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा/गराउँदा लागेको खर्च त्यस्तो परियोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम व्यहोरिने रकमको निर्धारण स्वतन्त्र मूल्याङ्कनकर्ताबाट समेत गराइनेछ ।

(६) यस दफा बमोजिम परियोजनाका सम्बन्धमा तयार पारिएको अध्ययन प्रतिवेदनका आधारमा त्यस्तो परियोजना यस ऐन बमोजिम कार्यान्वयन गरिनेछ ।

**१७. अनुमतिपत्र दिनुपर्ने :** (१) दफा १३, १४ र १५ बमोजिम प्रस्ताव छनौट वा स्वीकृति प्रदान गरेपछि समितिले प्रस्तावकलाई तोकिए बमोजिमको सर्तहरू तथा ढाँचामा समझदारी गरी परियोजनाको अध्ययन-अनुमति दिनुपर्नेछ। अनुमति पत्रको ढाँचा तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको समझदारी गर्दा समयभित्र नै कार्य सम्पन्न गर्ने प्रयोजनका लागि तोकिए बमोजिमको परफर्मेन्स बोण्ड लिनुपर्नेछ।

(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम समितिबाट परियोजना स्वीकृत भई उपदफा (१) बमोजिम अनुमतिपत्र वा इजाजतपत्र प्राप्त गरेको अवस्थामा प्रचलित कानुनको रीत पुऱ्याई जारी भएको मानिनेछ।

## परिच्छेद-३

## सार्वजनिक निजी साझेदारी व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**१८. सार्वजनिक निजी साझेदारी व्यवस्थापन समितिको गठन:** (१) सार्वजनिक निजी साझेदारी तथा निजी लगानीसँग सम्बन्धित समग्र व्यवस्थापन गर्न एक अधिकार सम्पन्न सार्वजनिक निजी साझेदारी व्यवस्थापन समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | - संयोजक |
| (ख) | नगर उप-प्रमुख | - सदस्य |
| (ग) | विषयगत समितिका संयोजकहरू | - सदस्य |
| (घ) | प्रमुखले तोकेको महिला कार्यपालिका सदस्य दुई जना | - सदस्य |
| (ङ) | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (च) | आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| (छ) | प्रमुखले तोकेको प्राविधिक | - सदस्य |
| (ज) | सूर्योदय उद्योग वाणिज्य सङ्घको अध्यक्ष | - सदस्य |
| (झ) | योजना शाखा प्रमुख | - सदस्य सचिव |

(३) समितिले सम्बन्धित विषयमा अनुभव भएको तथा विशेषज्ञता हासिल गरेको कुनै व्यक्तिलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

**१९. समितिको बैठक र निर्णय :** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको निर्णय अध्यक्षले प्रमाणीकरण गर्नेछ र उक्त निर्णय पुस्तिका सदस्य सचिवको जिम्मामा रहनेछ ।

**२०. समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नगरपालिका क्षेत्रभित्रका सम्भाव्य परियोजनाहरूको विवरण सङ्कलन गरी त्यस्ता परियोजनाहरूको अध्ययन एवम् परियोजनाको सूची तयार गर्ने/गराउने,

(ख) सार्वजनिक निजी साझेदारी वा निजी क्षेत्रबाट कार्यान्वयन हुने परियोजनाहरू मध्ये प्रतिस्पर्धात्मक वा विशेष प्राथमिकताका परियोजनाको छनौट गर्ने/गराउने,

(ग) प्रतिस्पर्धात्मक रूपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका परियोजनाहरूको पारदर्शिता, स्वच्छता र प्रतिस्पर्धाको सूनिश्चितता हुने गरी प्राविधिक, वित्तीय क्षमता तथा समयमै परियोजना सम्पन्न गर्ने आधार मूल्याङ्कन गरी त्यस्ता परियोजनाहरूको पूर्व-योग्यताको सूची तयार, प्रस्ताव आह्वान, प्रस्तावको मूल्याङ्कन, परियोजना स्वीकृति, लगानी स्वीकृति तथा अध्ययन अनुमति, इजाजत वा अन्य यस्तै प्रकारका स्वीकृति प्रदान गर्ने तथा आवश्यकता अनुसार त्यस्ता परियोजनाका प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने/गराउने,

(घ) विशेष प्राथमिकताका परियोजनाहरूको रूपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका परियोजनाहरूको वार्तामार्फत परियोजना विकास, निर्माण तथा सञ्चालन गर्ने गरी सम्झौता गर्ने/गराउने,

(ङ) आह्वान नगरिएका समितिमा सोझै प्राप्त हुन आएका प्रस्तावहरूको आवश्यकतानुसार अध्ययन/छलफल गरी उपयुक्त प्रस्तावलाई सर्वेक्षण अनुमतिपत्र दिने र त्यस्ता प्रस्तावमा उल्लिखित परियोजनाको लागि प्रचलित कानुन बमोजिम आवश्यक पर्ने अनुमतिपत्र, इजाजतपत्र, लगानी स्वीकृति तथा सहमति प्रदान गर्ने वा प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने/गराउने,

(च) स्वीकृत परियोजनाको अध्ययन गरी सम्झौता बमोजिम निर्माण, कार्यान्वयन वा सञ्चालन भए वा नभएको अनुगमन गर्ने/गराउने,

(छ) पूर्वाधार निर्माण तथा परियोजना विकास लगायत लगानीका क्षेत्रमा सम्मिश्रीत वित्त सम्बन्धी कार्य गर्ने,

(ञ) आर्थिक वा गैर आर्थिक सुविधा उपलब्ध गराउनुपर्ने भएमा आवश्यक निर्णय प्रक्रियाका लागि कार्यपालिकामा पेश गर्ने,

(झ) स्वीकृत परियोजनाको वातावरणीय अध्ययनका लागि वन तथा वातावरण सम्बन्धी अनुमति लिनुपर्ने भएमा तोकिए बमोजिमको प्रक्रिया अनुरूप अनुमति दिन सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ञ) परियोजना विकास, लगानी प्रवर्धन तथा परियोजना कार्यान्वयनका लागि नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय, अन्य स्थानीय सरकार एवम् सरकारी तथा निजी क्षेत्र बीच समन्वय गर्ने,

(ट) स्वीकृत परियोजनाहरूको कार्यान्वयनका लागि शीघ्र निर्णय र समस्याको छिटोछरितो सेवा प्रदान गर्ने,

(ठ) सम्झौता बमोजिम वित्तीय व्यवस्थापन भइसकेपछि त्यस्तो सम्झौता बमोजिम परियोजना कार्यान्वयनको अनुगमन गर्ने/गराउने,

(ड) लगानी कर्तालाई अनुमति वा इजाजत प्रदान गरे बापत वा परियोजना विकास गर्न पुर्‍याएको सेवा तथा सहजीकरण बापत तोकिएको शुल्क, दस्तुर सङ्कलन गर्न आवश्यक समन्वय गर्ने,

(ढ) सार्वजनिक निजी साझेदारी तथा निजी लगानी प्रवर्द्धन सम्बन्धी तोकिए बमोजिमका अन्य कार्य गर्ने/गराउने।

**२१. निर्देशन दिन सक्ने :** समितिले परियोजनाको कार्यान्वयनको सम्बन्धमा सम्बन्धित लगानी कर्तालाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

**२२. विशेषज्ञ कार्यदल :** (१) परियोजना लगानीको कुनै खास प्राविधिक पक्षको अध्ययन तथा विश्लेषण गरी सुझाव दिन समितिले कार्यादेश सहित कार्यविधि तोकी सम्बन्धित क्षेत्रका विशेषज्ञ रहेको एक विशेषज्ञ कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका सदस्य तथा पदाधिकारीहरूको सुविधा समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-४

## सम्झौता सम्बन्धी व्यवस्था

**२३. परियोजनाको विवरण पेश गर्नु पर्ने :** (१) दफा ३ र ४ बमोजिम सार्वजनिक निजी साझेदारीमा परियोजना कार्यान्वयन गर्न समझदारी गरेकोमा त्यस्तो समझदारी पत्रमा उल्लिखित समयावधिभित्र

प्रस्तावकले परियोजना कार्यान्वयन गर्न तोकिए बमोजिमका विवरणहरू समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा त्यसको आधार र कारण खुलाइ थप अवधि माग गरी समिति समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन उपर जाँचबुझ गर्दा प्रस्तुत आधार र कारण मनासिब देखिएमा समितिले त्यस्तो विवरण पेश गर्न एक पटकको लागि थप समय दिन सक्नेछ।

**२४. सम्झौता गर्नु पर्ने :** (१) दफा १६ बमोजिम भएको समझदारी तथा प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौताका सर्त लगायतका विषयमा वार्ता गर्न समितिले एक वार्ता समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित वार्ता समितिले प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी सम्झौतामा देहायका कुराहरू खुलाइ सम्झौताको अन्तिम मस्यौदा तयार गर्नेछ :

(क) परियोजनाको विवरण,

(ख) परियोजना सुरु र सम्पन्न गर्ने मिति,

(ग) परियोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत,

(घ) परियोजनामा गरिने लगानी र सोको ग्यारेन्टी सम्बन्धी व्यवस्था,

(ङ) अनुमतिपत्रको अवधि,

(च) परियोजना कार्यान्वयनको चरणबद्ध विवरण र कार्यान्वयन तालिका,

(छ) परियोजनाको प्राविधिक गुणस्तर तथा मापदण्ड,

(ज) परियोजना सञ्चालन सम्बन्धी विवरण,

(झ) परियोजनाको सञ्चालन वा हस्तान्तरणको सर्त,

(ञ) परियोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने महसुल सम्बन्धी व्यवस्था,

(ट) परियोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ठ) परियोजनामा जडित मेशिन तथा परियोजना हस्तान्तरणका बखत हनु पर्ने अवस्था र गुणस्तर,

(ड) नगरपालिकालाई बुझाउनु पर्ने शुल्क तथा रोयल्टी र भुक्तानी विधि,

(ढ) परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पूरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(ण) परियोजनामा नगरपालिकाको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो बापत नगरपालिकाले प्राप्त गर्ने प्रतिफल,

(त) जग्गा प्राप्ति सम्बन्धी व्यवस्था,

(थ) थप परियोजना अध्ययन तथा सञ्चालन गर्न दिने भए सो सम्बन्धी व्यवस्था,

(द) सव-लिज गर्न सक्ने भए सो सम्बन्धी सर्त तथा अन्य व्यवस्था,

(ध) परियोजना हस्तान्तरण गर्ने भएमा त्यस्तो निकाय,

(न) अन्य आवश्यक विषयहरू ।

(३) उपदफा (२) बमोजिम सम्झौताको लागि सहमति भएको दस्तावेजलाई समितिले स्वीकृति गरी प्रस्तावकसँग सम्झौता गर्ने / गराउनेछ ।

(४) उपदफा (१) बमोजिमको वार्ता समितिको कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**२५. सम्झौता कार्यान्वयन :** (१) दफा २४ बमोजिम सम्पन्न भएको सम्झौता कार्यान्वयनको लागि सम्बद्ध निकायबाट सम्झौताको सर्त बमोजिम प्राप्त गर्नुपर्ने इजाजत, स्वीकृति लगायतका सम्पूर्ण दायित्व लगानी कर्ताले बहन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता कार्यान्वयन गर्दा सरोकारवाला सम्बद्ध निकायहरूसँग नगरपालिकाले आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्नुपर्ने छ ।

(३) यस दफा बमोजिम सम्झौता कार्यान्वयन गर्ने सिलसिलामा प्रस्तावकले सम्झौताका सर्तहरूको अधीनमा रही कार्य योजना निर्माण गरी परियोजना कार्यान्वयन गर्नु पर्नेछ ।

**२६. सम्झौता रद्द गर्न सक्ने :** (१) दफा २४ बमोजिम गरिएको सम्झौतामा उल्लिखित सर्तहरूको पालना नगरेको अवस्थामा वा तोकिएको समयमा कार्यसम्पादन नगरेमा लगानी कर्तालाई यस ऐन बमोजिम प्रदान गरिएको अनुमतिपत्र, इजाजतपत्र सहित समितिले सम्झौता रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र, इजाजतपत्र खारेज भएमा प्रस्तावकले सम्झौतामा उल्लेख भएको अवस्थामा बाहेक नगरपालिकासँग कुनै किसिमको हानि नोक्सानी बापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिम लगानी कर्तासँग भएको सम्झौता खारेज गर्दा सो सम्झौतामा उल्लेख गरिएको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

## परिच्छेद-५

## सुविधा तथा प्रोत्साहन सम्बन्धी व्यवस्था

**२७. कानुन बमोजिमको सुविधा पाउने :** यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरी भएको लगानीले यस ऐन बमोजिमको सुविधाको अतिरिक्त प्रचलित सङ्घीय कानुन, प्रदेश कानुन र नगरपालिकाको अन्य स्थानीय कानुन बमोजिम उद्योग वा कम्पनीले पाउने सम्पूर्ण संरक्षण, सुविधा, सहुलियत तथा छुट समेत प्राप्त गर्नेछ ।

**२८. नगरपालिकाले थप सुविधा उपलब्ध गराउन सक्ने :** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानुन बमोजिम प्राप्त हुने सुविधाका अतिरिक्त नगरपालिकाले थप आर्थिक सुविधा दिन नेपाल सरकार तथा प्रदेश सरकार समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम उपलब्ध भएको सुविधा तोकिएको अवधिसम्मको लागि उपयोग गर्न बाधा पर्ने छैन ।

(३) यस दफा बमोजिम अनुमतिप्राप्त व्यक्तिले यस ऐन बमोजिम प्राप्त सुविधाको दुरुपयोग गरेमा त्यस्तो सुविधा समितिले रद्द गरी त्यस्तो सुविधा बराबरको रकम र सो मा शत प्रतिशतसम्म जरिबाना असुल उपर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सुविधा रद्द गर्नु अघि सम्बन्धित अनुमतिपत्र वालालाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

## परिच्छेद-६

## विविध

**२९. मूल्याङ्कन समिति गठन गर्नुपर्ने :** (१) सार्वजनिक निजी साझेदारी तथा निजी लगानी सम्बन्धी परियोजनाहरूमा पेश हुन आएका प्रस्ताबहरूको मूल्याङ्कन गरी सिफारिस गर्न समितिले मूल्याङ्कन समिति गठन गर्नु पर्नेछ ।

(२) मुल्याङ्कन समिति प्रचलित कानुनले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिमा परियोजनासँग सम्बन्धित विषयविज्ञ समेतलाई बैठकमा आमन्त्रण गरी राय परामर्श सुझाव प्राप्त गर्न सकिनेछ ।

(४) मूल्याङ्कन सम्बन्धी अन्य कुरा प्रचलित कानुन र मूल्याङ्कनका लागि तोकिएको आधार बमोजिम हुनेछ ।

**३०. सेवा सुविधाका सर्त तोक्न सक्ने :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन, समितिले गरेका निर्णय, सङ्घीय कानुन , प्रदेश कानुन, अन्य स्थानीय कानुन तथा सम्झौताको अधीनमा रही आवश्यक सर्त तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका सर्त विपरीत उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन ।

**३१. रोयल्टी बुझाउनु पर्ने :** अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लिखित सर्त अनुसार नगरपालिकालाई बुझाउनु पर्नेछ ।

**३२. परियोजना हस्तान्तरण गर्नु पर्ने :** (१) सार्वजनिक निजी साझेदारीबाट कार्यान्वयन भएका परियोजना सम्झौतामा उल्लेख भए बमोजिम नगरपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना हस्तान्तरण हुँदा त्यस्तो परियोजनामा जडित मेसिन, उपकरण, संरचना तथा अन्य यस्तै प्रकारका वस्तु तथा प्रणालीहरू सम्झौतामा लेखिए बमोजिमको क्षमता, अवस्था र चालू हालतमा हुनु पर्नेछ ।

(३) परियोजना हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

**३३. नगरपालिकाको स्वामित्व हुने :** यस ऐन बमोजिम हस्तान्तरण भएको परियोजना र त्यस्तो परियोजनामा जडित मेसिन, उपकरण, सफ्टवेयर र अन्य संरचना तथा परियोजनासँग सम्बन्धित भवन, घर जग्गा तथा अन्य यस्तै प्रकारका बस्तु तथा प्रणालीहरूको स्वामित्व नगरपालिकाको हुनेछ ।

**३४. कारबाही गर्न सक्ने :** कुनै लगानी कर्ताले यस ऐनको व्यवस्थाको पालना नगरेमा समितिले तोकिएको प्रक्रिया पूरा गरी देहायको कुनै वा सबै कारबाही गर्न सक्नेछ:

(क) निर्माण रोक्का गर्ने,

(ख) अनुमतिपत्र /इजाजत पत्र रद्द गर्ने,

(ग) सम्झौता बमोजिम गर्ने,

(घ) अन्य यस्तै प्रकारका जुनसुकै कारबाही ।

**३५. विदेशी लगानी सम्बन्धमा :** नगरपालिकाको कार्यक्षेत्रमा परेका परियोजनामा हुने विदेशी लगानी सम्बन्धी व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ ।

**३६. सम्बन्धित निकायसँग समन्वय गर्नुपर्ने :** नगरपालिकाको कार्यक्षेत्रभित्र पर्ने सार्वजनिक निजी साझेदारी लगानी वा निजी लगानीबाट हुने परियोजनाको कार्यान्वयनका लागि समितिले आवश्यकतानुसार नेपाल सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवाला निकायहरूसँग समन्वय गर्नेछ ।

**३७. अन्तर-सरकारी साझेदारी कार्यक्रम :** सार्वजनिक निजी साझेदारी तथा निजी लगानीबाट कार्यान्वयन हुने परियोजनाहरूमा नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकारसँग उपादेयताको आधारमा साझेदारी गरी कार्यक्रम गर्न सकिनेछ।

**३८. राय परामर्श लिन सकिने :** नगरपालिकाको कार्यक्षेत्रभित्र पर्ने सार्वजनिक निजी साझेदारी वा निजी लगानीबाट हुने परियोजनाको कार्यान्वयनका लागि समितिले आवश्यकतानुसार विषयविज्ञ, सल्लाहकारहरूसँग समेत परामर्श लिन सक्नेछ।

**३९. वार्षिक प्रतिवेदन :** (१) समितिको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र तयार गरी समिति मार्फत कार्यपालिकामा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन नगर सभाबाट पारित गरी सार्वजनिक गरिनेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराहरूको अतिरिक्त समितिले सो आर्थिक वर्षमा कार्यान्वयन गरेका परियोजना, परियोजना सञ्चालन गर्दा भएको खर्च र त्यसको उपलब्धि, स्वीकृत भएको लगानी रकम, परियोजना सङ्ख्या र सिकाई तथा भविष्यमा गर्नुपर्ने सुधारका विषयहरू समेत समावेश गर्नु पर्नेछ।

**४०. अधिकार प्रत्यायोजन :** समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त केही अधिकार कुनै जनप्रतिनिधि वा अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**४१. स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने :** अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको सिलसिलामा स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोगलाई प्राथमिकता दिनु पर्नेछ।

**४२. कानुनी विवाद समाधान :** (१) यस ऐन बमोजिम कार्यान्वयन भएका परियोजनाको कार्यान्वयनका क्रममा कुनै विवाद उत्पन्न भएमा पक्षहरूले आपसी छलफल वा वार्ताबाट त्यस्तो विवादको समाधान गर्नु पर्नेछ।

(२) विवाद समाधान सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

**४३. वाधा अड्काउ फुकाउने :** यस ऐनको कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ देखा परेमा कार्यपालिकाले त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ।

**४४. नियम कार्यविधि तथा निर्देशिका बनाउन सक्ने :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम, कार्यविधि, मापदण्ड तथा निर्देशिका बनाउन सक्नेछ।

**४५. संशोधन गर्न सक्ने :** यस ऐनलाई समय सापेक्ष कार्यान्वयन गर्नका लागि नगर सभाले आवश्यक संशोधन गर्न सक्नेछ।

४६. **बचाऊ:** यस ऐनमा भएको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य
हुनेछ।

४७. **खारेजी:** (१) सूर्योदय नगरपालिकाको सार्वजनिक निजी साझेदारी लगानी व्यवस्थापन तथा सञ्चालन ऐन, २०७४ खारेज गरिएको छ।

(२) सूर्योदय नगरपालिकाको सार्वजनिक निजी साझेदारी लगानी व्यवस्थापन ऐन, २०७४ बमोजिम भएको काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

## सूर्योदय नगरपालिकाको केही स्थानीय ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८०

नगर सभा बाट स्वीकृत मिति: २०८०।०३।०९ गते

प्रमाणीकरण मिति: २०८०।०३।०९ गते

**प्रस्तावना:** प्रचलित स्थानीय ऐनमा समसामयिक सुधार गर्न केही स्थानीय ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर सभाले यो ऐन बनाइ लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम **सूर्योदय नगरपालिकाको केही स्थानीय ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८०** हुनेछ।

(२) यो ऐन नगरसभाबाट पारित भई प्रमाणीकरण पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

**२. सूर्योदय नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ मा संशोधन:**

सूर्योदय नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को -

(१) दफा ४ को उपदफा (१) को सट्टामा देहाय बमोजिमको उपदफा (१) राखिएको छ।

"(१) नेपालको संविधान, प्रचलित संघीय, प्रादेशिक र स्थानीय कानुनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाइ लागु गर्न सक्नेछ।"

**३. सूर्योदय नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ मा संशोधन:** सूर्योदय नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को-

(१) प्रस्तावनामा भएको "संविधानको धारा २२२ बमोजिमको यस नगरपालिकाले संविधानको धारा २२३ बमोजिमको दोस्रो नगरसभाले यो ऐन बनाएको छ।" भन्ने वाक्यांशको सट्टा " नेपालको संविधानको धारा २२३ बमोजिम गठन भएको सूर्योदय नगरपालिकाको नगरसभाले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी यो ऐन बनाई लागु गरेको छ।" राखिएको छ।

(२) दफा २ को खण्ड (ष) मा "ठेकिएको वा नठेकिएको" भन्ने वाक्यांशको सट्टा "निर्धारण गरिएको वा नगरिएको" भन्ने वाक्यांश राखिएको छ।

(३) दफा ५ को उपदफा (२) मा "चैत्र मसान्त भित्र" भन्ने वाक्यांशको सट्टा "जेठ १०" भन्ने वाक्यांश राखिएको
छ ।

(४) दफा ५ को उपदफा (४) मा "असार १५" भन्ने वाक्यांशको सट्टा "असार १०" भन्ने वाक्यांश राखिएको छ ।

(५) दफा ६ को उपदफा (१) को सट्टा देहाय बमोजिमको उपदफा (१) राखिएको छ ।

"(१) सभाबाट स्वीकृत भएको बजेट स्वीकृत भएको मितिले ७ दिन भित्र नगरप्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी दिनुपर्नेछ ।"

**४. सूर्योदय नगरपालिकाको स्थानीय कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ मा संशोधन :** सूर्योदय नगरपालिकाको स्थानीय कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को –

(१) दफा २ को खण्ड (भ) पछि देहाय बमोजिमको खण्ड (म) र (य) थप गरिएको छ ।

(म) "विमा समिति" भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएको विमा सम्बन्धी नियामक निकाय सम्झनुपर्छ।

(य) "मेलमिलाप कर्ता" भन्नाले नगरपालिकामा सूचिकृत भएका मेलमिलापकर्ताहरुलाई सम्झनु पर्छ ।

(२) दफा ३ को उपदफा (१) मा "कुनै पनि स्थानमा" भन्ने वाक्यांशको सट्टा " प्रचलित कानुन बमोजिम उपयुक्त रहेको स्थान" भन्ने वाक्यांश राखिएको छ ।

(३) दफा १२ को उपदफा (३) को सट्टा देहाय बमोजिमको उपदफा (३) राखिएको छ।

" (३) समितिको कोषको सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।"

(४) दफा २४ को उपदफा (१) मा "नगरपालका" भन्ने शब्दको सट्टा "वडा कार्यालय" भन्ने वाक्यांश राखिएको छ ।

(५) दफा २५ को सट्टा देहाय बमोजिमको दफा २५ राखिएको छ ।

" २५. विवादको समाधान: (१) यस ऐन अन्तरगत गरिएका कृषि करारको कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यस्ता विवादहरु पक्षहरुले आपसी वार्ताबाट समाधान गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानुन बमोजिम वडा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा वडामा रहेका मेलमिलापकर्ताहरुले मेलमिलापको माध्यमबाट विवादको समाधान गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम विवाद समाधान हुन नसकेमा वडा कार्यालयले नगरको न्यायिक समितिमा पठाउनुपर्नेछ ।

(५) नगरको न्यायिक समितिबाट समेत विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानुन बमोजिम सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सक्नेछन्।

(६) उपदफा (२) बमोजिम भएको विवादको टुङ्गो उपर पक्षहरुलाई चित्त नबुझेमा पक्षहरुले नगर न्यायिक समितिमा र उपदफा (३) बमोजिम भएको विवादको टुङ्गो उपर पक्षहरुलाई चित्त नबुझेमा पक्षहरुले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछन् ।

(७) विवाद समाधान सम्बन्धी अन्य प्रावधान प्रचलित कानुन बमोजिम हुनेछ ।

(६) दफा २८ को उपदफा (१) मा "हुदैन" भन्ने शब्दको सट्टा "पाइनेछैन" भन्ने शब्द राखिएको छ ।

**५. सूर्योदय नगरपालिकाको खानेपानी व्यवस्थापन ऐन, २०७६ मा संशोधन :** सूर्योदय नगरपालिकाको खानेपानी व्यवस्थापन ऐन, २०७६ को –

(१) दफा २ को खण्ड (ख) पछि देहाय बमोजिमको खण्ड(ख१) थप गरिएको छ ।

“(ख१) "उपप्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।“

(२) दफा २ को खण्ड (थ) पछि देहाय बमोजिमको खण्ड (द), (ध) र (न) थप गरिएको छ।

“(द) "खानेपानी प्रणाली" भन्नाले सेवाग्राहीहरुलाई खानेपानी उपलब्ध गराउने नगरपालिकाको प्रणाली सम्झनु पर्छ ।

(ध)"ठूला खानेपानी आयोजना" भन्नाले संघ, प्रदेश र स्थानीय तहको समन्वयमा निर्माण भएको तथा ३५० भन्दा बढी खानेपानी उपभोक्ताहरु भएको आयोजनालाई सम्झनु पर्छ ।

(न) "साना खानेपानी आयोजना" भन्नाले ठुला खानेपानी आयोजना बाहेकका उपभोक्ता समिति मार्फत सञ्चालित खानेपानी आयोजना सम्झनु पर्छ ।“

(३) दफा ८ को सट्टा देहाय बमोजिमको दफा ८ राखिएको छ ।

“ ८. खानेपानी व्यवस्थापन र जिम्मेवारी: (१) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन समिति, सो समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) आयोजना स्तरीय सञ्चालन तथा व्यवस्थापन उप समितिको गठन प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(३) खानेपानी सम्बन्धमा नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ:

(क) प्राकृतिक पानीको मुहान संरक्षण गर्ने गराउने।

(ख) खानेपानी सेवा, विस्तार, सुधार गर्ने गराउने,

(ग) खानेपानीको दुरुपयोग रोक्ने तथा खानेपानी प्रदूषित हुन नदिने,

(घ) खानेपानीको स्रोत, वितरण तथा सरसफाई सम्बन्धमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने गराउने,

(ङ) सेवा प्रणालीसम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने गराउने,

(च) सेवा सञ्चालनको लागि आवश्यक पर्ने लगानी निश्चित गरी सोको योजना तयार गर्ने र आर्थिक स्रोतको व्यवस्था गर्ने गराउने।

(छ) सेवाको विस्तार तथा विकासका लागि आवश्यक पर्ने रकमको स्रोत पहिचान गरी प्राप्त गर्ने,

(ज) प्रचलित कानूनबमोजिम सेवाको महसुल दर निर्धारण गर्ने,

(झ) गुणस्तरयुक्त र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक प्रबन्ध गर्ने,

(ञ) सेवा प्रदायकलाई सेवा प्रदान गर्न अनुमतिपत्र प्रदान गर्ने वा सेवाप्रदायकसँग सम्झौता गरी सेवा प्रदान गराउने,

(ट) उपभोक्तालाई प्रदान गर्ने सेवाबापत निर्धारित महसुल असूल गर्ने गराउने,

(ठ) सेवा प्रदायकले सेवा प्रदान गर्दा कुनै उपभोक्तालाई पीरमर्का पर्न गएमा सोउपर सुनुवाई गरी उपयुक्त उपचार दिने,

(ड) सेवा सञ्चालनका लागि आवश्यक पर्ने तोकिए बमोजिमका अन्य काम गर्ने।

(ढ) उपभोक्ता समिति वा अन्य कुनै संघ संस्थाहरुबाट सेवा सञ्चालन हुँदै आएका खानेपानी वितरण सेवालाई सम्बन्धित उपभोक्ता समिति वा संघ संस्थाहरु सँग सहमति गरि तोकिए बमोजिम नगरपालिका मातहतमा ल्याई प्रभावकारी सेवा सञ्चालन गर्ने।

(ण) खानेपानी सेवा तथा वितरण प्रणाली नगरपालिका वा उपभोक्ता मार्फत गर्ने गराउने। तर उपभोक्ता मार्फत खानेपानी सेवा तथा वितरण गराउँदा नगरपालिका सँग भएको सहमति र सम्झौता बमोजिम हुनेछ।

(त) खानेपानी व्यवस्थापन गर्न आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्था गर्ने।

(थ) स्थानीय सरकार तथा प्रदेश सरकार र संघीय सरकारसँग सम्पर्क तथा समन्वय गर्ने ।“

(४) दफा ८ पछि देहाय बमोजिमको दफा ८क र ८ख थप गरिएको छ ।

“८क. ठूला खानेपानी आयोजना खानेपानी बोर्ड मार्फत सञ्चालन गर्न सकिने: (१) निर्माण सम्पन्न भई सञ्चालनमा आएका ३५० घरधुरीभन्दा बढी उपभोक्ता भएका वृहत खानेपानी आयोजनाहरु खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन समितिले सिफारिसमा नगर कार्यपालिकाको निर्णय अनुसार खानेपानी बोर्ड मार्फत सञ्चालन गर्न सकिनेछ ।

(२) उपदफा(१) बमोजिमको खानेपानी बोर्डको गठन, काम, कर्तव्य र अधिकार तथा सञ्चालन विधि तोकिए बमोजिम हुनेछ ।

८ख. स्वामित्व ग्रहण गर्न सक्ने : (१) नगर क्षेत्रभित्र सञ्चालनमा रहेका खानेपानी आयोजनाहरूको स्वामित्व नगरपालिकाले ग्रहण गर्न सक्नेछ ।

(२) खानेपानी आयोजनाको स्वामित्व ग्रहण गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।“

(५) दफा १९ को उपदफा (१) मा "दफा ३" भन्ने वाक्यांशको सट्टा "दफा ८ को उपदफा (३)" भन्ने वाक्यांश राखिएको छ र सोही उपदफाको "आवश्यकता अनुसार" भन्ने वाक्यांश पछि "अन्य" भन्ने शब्द थप गरिएको छ ।

आज्ञाले,

मिलन भट्टराई

प्रमुख प्रशासकीय अधिकृत